# श्री कालिका आधारभूत विद्यालय

सिलीचोङ ३ ताम्कु, संखुवासभा

## विद्यालय बन्द हुने सम्बन्धी एक प्रतिवेदन

आर्थिक वर्ष २०८१।८२

प्रतिवेदन

प्रतिवेदक

शिक्षा शाखा

सिलीचोङ गाउँपालिका

सिलिचोङ गाउँपालिकाको कार्यालय
शिक्षा शाखा
ताम्कु, संखुवासभा
१ नं. प्रदेश नेपाल
२०७३

# श्री कालिका आधारभूत विद्यालय

सिलीचोङ ३ ताम्कु, संखुवासभा

## विद्यालय बन्द हुने सम्बन्धी एक प्रतिवेदन

**१.परिचय**

**क. ऐतिहासिक पृष्टभूमि :-**

यस विद्यालयको स्थापनाको लागि यसै गाँउका समाज सेवी , शिक्षा प्रेमी तथा गाँऊ प्रतिनिधि श्री वीरप्रसाद राई, पदमलाल राई, मचिन्द्र राई साथै अन्य बुद्धिजिवी अभिभावकहरुको पहलमा विभिन्न -नगद, चाल, पिठो, तरकारी आदि) चन्दा सङ्कलन गरी सामान्य कच्ची भवन निर्माण गरी शिक्षक श्री मचिन्द्र राई द्वारा शिक्षण कियाकलाप सञ्चालन गरिएको जानकारहरु बनाउछन् । शिक्षक श्री मचिन्द्र राई पछि शिक्षक अभिभावक श्री पदमलाल राइले शिक्षण गर्नु भयो । तर यो अवस्था सम्म कुनै औपचारीक अभिलेख र नामाकरण राखेको पाइदैन ।

यस विद्यालयको औपचारीक रुपमा मिति २०२६/१०/१६/५ मा श्री कालिका प्राथमिक विद्यालय याचम्खा नामाकरण गरी उद्घाटन गरीयो । जुन औपचारीक उद्घाटनको बेग्लै इतिहास रहेको छ । विद्यालयलाई औपचारीक रुप दिनको लागी यस विद्यालयको स्थापना पछि सेवा सुविधा लिन संभव हुने सबै गाउले अभिभावकहरु र विशेष गरी माथि उल्लेख गरिएका शिक्षाप्रेमि, समाज सेविहरुको पहलमा मिति २०२६/१०/१६/५ मा ताम्कु गा.वि.स.भरीको त्यस अवस्थाको एकमात्र स्विकृत प्रा. वि. हालको श्री सगरमाथा उ.मा.वि. को नामले परिचित विद्यालयको प्र.अ. श्री चुडामणि वास्तोला ज्यूको सभापतित्वमा आमसभा राखि यस विद्यालयको नाम श्री कालिका प्राथमिक विद्यालय याचम्खा नामाकरण गरी औपचारीकता प्रदान गरीयो । यसरी विद्यालयको औपचारीक स्थापना गरेपछि उक्त सभाको प्रतिलिपि साथ विद्यालय स्विकृत गरि पाउँ भनि लेखिएको निवेदन जिल्ला शिक्षा कार्यालय सङ्खुवासभामा पेश गरेपश्चात शिक्षाकार्यालय सङ्खुवासभा बाट शिक्षा उपनिरिक्षक श्री षडराज अधिकारी र जिल्ला शिक्षा निरिक्षक श्री भोजविक्रम राई बाट हस्ताक्षरीत च.नं. २२७ को मिति २०२७/०९/२१ गतेको पत्रबाट विद्यालयले स्विकृति प्राप्त गऱ्यो ।

विद्यालय स्थापना भएदेखि निरन्तर मिति २०६४ साल सम्म प्रा.वि. तह सम्म शिक्षण हुदै आएकोमा मिति २०६५ साल देखि कक्षा थप ग्रेड गरि कक्षा ६ संञ्चालन गर्ने प्रयास अनुसार जिल्ला शिक्षा कार्यालय सङ्खुवासभाबाट अनुमति भयो र प्रत्येक शैक्षिक सत्रमा कक्षा अपग्रेड गर्दै मिति २०६७ सालमा कक्षा ८ सञ्चालन गर्ने स्विकृति पाए अनुरुप अहिले नि.मा. १ राहात दरवन्दि र अन्य निजि शिक्षकहरु द्वारा नि.मा.वि. तह सम्मको शिक्षण सुचारु रुपले सञ्चालन भैरहेको छ । आज यस विद्यालयलाई अग्र गति प्रदान गर्नमको लागी वा सिकाई उपलब्धि स्तर बृद्धी गर्नकालागी नि.मा. तहका विषय गणित, विज्ञान, अंग्रेजी, शिक्षकको आवस्यकता भएको उल्लेख गरिएको छ ।

**ख. भौगोलीक अवस्था :**

पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत कोशी अञ्चलको उत्तरी मित्रराष्ट्र चिनको स्वसासित राज्य तिब्बत संग जोडीएको सङ्खुवासभा जिल्लाको पश्चिमोत्तरको अति दुर्गम र विकट क्षेत्रमा अवस्थित दक्षिण र पश्चिम तिर सङ्खुवा नदिले घेरेको र उक्त नदि पारि बाला गा.वि.स. रहेको छ भने पूर्वमा लिडर विद्यालय श्री सगरमाथा उ.मा.वि. रहेको छ । साथै उत्तर तिर जङ्गलै जङगल छ । यो विद्यालय साविक ताम्कु गा.वि.स.को वार्ड नं. ८ मा रहेको छ । जिल्ला विकास समितिको कोष प्रमाणित अनुसार ताम्कु गा.वि.स.को भवन सम्म १६ कोष भएपनि त्यस भवन बाट यस विद्यालयको दुरी ५ कोष टाढा हुँदा सदरमुकाम बाट २१ कोष टाढा रहेको अनुमान लगाउन सकिन्छ ।

सिलिचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
संखुवासभा

यस विद्यालयको सेवाक्षेत्रको भौगोलिक अवस्थालाई मुल्याङ्कन गर्ने हो भने अति जटिल अवस्थामा रहेको प्रमाणित गर्न सकिन्छ । एउटा गाउबाट अर्को गाउ पुग्न साथै एक टोल बाट अर्को टोल पुग्न डाडाँ, खोल्सी, भिर, पहाड पार गर्नुपर्ने स्थिति रहेको छ । अझ वर्षादको समयमा आवत जावत गर्न अति जोखिमपूर्ण रहेको छ । पहिरोको कारण यस विद्यालय रहेको क्षेत्रका वासिन्दाहरु पहिरोको कारण दिन प्रतिदिन बसाइ सर्ने क्रम बढ्दो छ । त्यस कारण भविश्यमा यो विद्यालय र आसपासका गाउँ कुनै पनि बेला पहिरोको चपेटामा नपर्ला भन्न सकिन्न ।

**ग. विद्यालय –समुदायको पृष्ठभूमि :**

**अ. सामाजिक अवस्था :**

यस विद्यालयको सेवा क्षेत्रमा बसोवास गर्ने समूदायको आफ्नो बेग्लै विशेषता रहेको पाईन्छ । यस समूदायमा सत प्रतिशत एक मात्र जाति कुलुङको बसोवास रहेको छ । यो जातिको भेसभूषा, संकृति, चालचलन, भाषा, परम्परा साथै रिति-रिवाज नेपालको कुनै जाति वर्ग संग मेल खादैन । यस कारण कुलुङ जातिको आफ्नै पहिचान गराउने आधारहरु पाईन्छ । यस जातिले विशेष गरेर प्रत्येक पौषको १५ गते नयाँ वर्षको रुपमा "चाक्चाकुर" नामले भब्यताका साथ पूर्णरुपमा मान्ने गर्दछन् । त्यसैले उभौली, उधौलीमा आफ्नो परम्परा र संस्कार अनुसार पितृ तथा कुल पूजा गर्ने चलन छ । विवाह, विभिन्न भोज भतेर र मर्दा पर्दा आफ्नै संस्कार अनुसार कार्य गरेको पाईन्छ । यस जातिमा कुनै प्रकारको जातिय, लिङ्गीय र धार्मिक भेदभाव रहेको पाइदैन ।

**आ. आर्थिक अवस्था :**

यस विद्यालयको सेवा क्षेत्र भित्र बसोवास गर्ने समूदाय भित्रका जनताहरुको आर्थिक अवस्था प्राय : न्यून स्तरका छन् । यो सेवा क्षेत्रका भौगोलिक विकटताका कारण कुनै प्रकारको बजार, यातायात, ब्यापार, ब्यवसायको पहुँच बाट बञ्चित हुनुपर्ने बाध्यताका कारण आर्थिक स्तर सुधार हुन सकेको छैन । यस समुदायका मानिसहरु अलैचि, चिराइतो र अल्लोका विभिन्न सामान तयार गरि आर्थिक लाभ गर्दछन् । एका दुई मान्छेहरु बैदेशिक रोजगार, सरकारी नोकरी र पर्यटन क्षेत्रमा लागेको पनि पाईन्छ । समग्रमा यस समूदायका मानिसहरुको आर्थिक अवस्था सामान्य रहेको पाइन्छ ।

**घ. सेवा क्षेत्रको परिभाषा :**

यस विद्यालयको सेवा क्षेत्र ताम्कु ८ को सबै याचम्खा, साप्तेल र काम्पेप टोल पर्दछन् । तर काम्पेपमा कक्षा ३ सम्म पढाई भएकोले यस विद्यालयमा कक्षा ४ देखी मात्र अध्ययन गर्न आउदछन् ।

*स्रोत: श्री कालिका आविको विद्यालय सुधार योजना २०७२।७३*

**२. वि.सं.२०७५ सालदेखि २०७९ सम्मको विद्यार्थी अवस्था:**

एक समयमा सयौ विद्यार्थीहरु भएको यस विद्यालयमा वि.सं.२०७५ सालदेखि २०७९ सम्ममा १ जना र २०८० सालबाट शून्य देखिएको विद्यार्थी अवस्था:

| क्र.स | साल | वि.सं | कैफियत |
|---|---|---|---|
| | २०७२ साल | ७० जना | छात्रा ३३, छात्र ३७ *स्रोत: SIP २०७२।७३* |
| १ | २०७५ साल | ५५ जना | *स्रोत: EMIS* |
| २ | २०७६ साल | ४६ जना | *स्रोत: EMIS* |
| ३ | २०७७ साल | ३३ जना | *स्रोत: EMIS* |
| ४ | २०७८ साल | १६ जना | (०-६,१-३,२-२,३-२,४-१,५-२) *स्रोत: EMIS* |
| ५ | २०७९ साल | १ जना | बाल कक्षा *स्रोत: EMIS* |

सिलिचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखा ... संखुवासभा ... प्रदेश नेपाल २०७३

### ३. शिक्षक तथा कर्मचारी विवरण

| क.स | दरबन्दीका प्रकार | संख्या |
|---|---|---|
| १ | प्राथमिक दरबन्दी | ३ |
| २ | निमा राहत | १ |
| ३ | गाउँपालिका अनुदान निमा | १ |
| ४ | बालशिक्षिका | १ |
| ५ | विद्यालय कर्मचारी | १ |
| | जम्मा | ७ |

*स्रोत: गाउँ शिक्षा समितिको बैठक तथा परिपत्र*

### ४.हाल उक्त दरवन्दी कता कता सारिए:

विद्यार्थी संख्या न्युन हुँदै गए पछि दरबन्दी मिलानको क्रममा तथा अन्य समयमा निर्णय गराउदै तपशिलका विद्यालयहरुमा उक्त दरबन्दीहरु सारिएका छन्:

**क.प्राथमिक दरबन्दी**

- कालिका मा.वि नेवाटार: १
- लक्ष्मी आवि लकुवा: १
- हिमालफेदी आवि

**ख.निमा दरबन्दी:** हिमालज्योती आ.वि: १

ग.गाउँपालिका अनुदान निमा: सगरमाथा मा.वि ताम्कु

**घ.बालशिक्षिका:** माहेश्वरी आ.वि कोल्वा

ङ. विद्यालय कर्मचारी:सगरमाथा मा.वि ताम्कु

*स्रोत: गाउँ शिक्षा समितिको बैठक तथा परिपत्र*

### ५ श्री कालिका आधारभूत विद्यालयका अचल सम्पत्ति

१. जग्गा ३ कित्ता: कित्ता नं. २२४, ६२९, र ९०२

### ६.अन्य जिन्सी सामग्रीहरु:

| क.स | सामग्रीहरुको नाम | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बाल्टी (रबर) | थान | १ | |
| २ | जग (रबर) | थान | १ | |
| ३ | शिक्षक हाजिरी खाता | थान | १ | |
| ४ | विद्यार्थी हाजिरी खाता | थान | १ | |
| ५ | स्टीज मेसिन | थान | १ | |
| ६ | स्ट्याम्प | थान | १ | |
| ७ | पन्चिङ | थान | १ | |
| ८ | छाप | थान | १ | |
| ९ | विजुली बल्व | थान | २ | |
| १० | स्केल | थान | १ | |
| ११ | विद्यालयको जग्गा पुर्जा | थान | १ | |
| १२ | ताल्चा चावी | थान | ५ | |

सिलिचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखा ताम्कु, संखुवासभा १ नं. प्रदेश नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| १३ | फोटो कपि पेपर | थान | १.५ | |
| १४ | राष्ट्रिय झण्डा | थान | १ | |
| १५ | हुसिल | थान | १ | |
| १६ | सिकाइ अभिलेख खाता | थान | १ | |
| १७ | क्यालेण्डर | थान | २ | |
| १८ | वोर्ड मसि | बट्टा | १ | |
| १९ | विभिन्न पुस्तकहरु (पुस्तकालय) | थान | ८८ | |
| २० | विभिन्न प्रशंसा पत्रहरु | थान | ३ | |
| २१ | रा.वा. बैङ्क चेक | थान | १ | |
| २२ | एभरेष्ट बैङ्क चेक | थान | १ | |
| २३ | ऐना | थान | १ | |
| २४ | खंलुवा आ.वि फायल | थान | १ | |
| २५ | इन्भटर | थान | १ | |
| २६ | साउण्ड बक्स | थान | ३ | |
| २७ | स्टेपलाइजर | थान | १ | |
| २८ | एम्लीफायर | थान | १ | |
| २९ | मिटर टेप | थान | १ | |
| ३० | थर्मोमिटर | थान | १ | |
| ३१ | प्राथमिक उपचार बाकस | थान | १ | |
| ३२ | सहयोगी दाता फोटो | थान | १ | |
| ३३ | हेनरी ड्युना फोटो | थान | १ | |
| ३४ | मादल | थान | १ | |
| ३५ | सानो बल | थान | २ | |
| ३६ | शिक्षा नियमावली | थान | १ | |
| ३७ | पोष्टर चार्ट | थान | ३ | |
| ३८ | डेष्टप कम्प्युटर | थान | ५ | |
| ३९ | ल्यापटप | थान | १ | |
| ४० | मल्टिप्लक | थान | १ | |
| ४१ | कुर्सी | थान | १५ | |
| ४२ | डेष्क वेन्च | थान | ३० | |
| ४३ | फिल्टर | थान | १ | |
| ४४ | फोटो कपि प्रिण्टर | थान | २ | |
| ४५ | भवन | वटा | ३ | |
| ४६ | ह्वाइट वोर्ड | थान | १० | |
| ४७ | छात्रा सौचालय | वटा | १ | |
| ४८ | सौचालय | वटा | २ | |
| ४९ | दराज | थान | ४ | |
| ५० | टेवल | थान | ४ | |

सिलिचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा शाखा
ताम्कु, संखुवासभा
१ नं. प्रदेश नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| ५१ | आराम बेन्च | थान | १ | |
| ५२ | र्‍याक | थान | १ | |
| ५३ | घण्टी | थान | १ | |

**क.भवन संरचना**

| क्र.स | सामग्रीहरुको नाम | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | वटा | ३ | |
| २ | छात्रा सौचालय | वटा | १ | |
| ३ | सौचालय | वटा | २ | |

**ख.विद्युतीय सामग्रीहरु**

| क्र.स | सामग्रीहरुको नाम | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | विजुली बल्ब | थान | २ | |
| २ | इन्भटर | थान | १ | |
| ३ | साउण्ड बक्स | थान | ३ | |
| ४ | स्टेपलाइजर | थान | १ | |
| ५ | एम्लीफायर | थान | १ | |
| ६ | डेष्टप कम्प्युटर | थान | ५ | |
| ७ | ल्यापटप | थान | १ | |
| ८ | मल्टिप्लक | थान | १ | |

**ग.फर्निचरहरु**

| क्र.स | सामग्रीहरुको नाम | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | प्राथमिक उपचार बाकस | थान | १ | |
| २ | कुर्सी | थान | १५ | |
| ३ | डेष्क वेन्च | थान | ३० | |
| ४ | ह्वाइट वोर्ड | थान | १० | |
| ५ | दराज | थान | ४ | |
| ६ | टेवल | थान | ४ | |
| ७ | आराम बेन्च | थान | १ | |
| ८ | र्‍याक | थान | १ | |

**घ.विविध जिन्सी सामग्रीहरु**

| क्र.स | सामग्रीहरुको नाम | इकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | बाल्टी (रबर) | थान | १ | |
| २ | जग (रबर) | थान | १ | |
| ३ | शिक्षक हाजिरी खाता | थान | १ | |
| ४ | विद्यार्थी हाजिरी खाता | थान | १ | |
| ५ | स्टीज मेसिन | थान | १ | |
| ६ | स्ट्याम्प | थान | १ | |
| ७ | पन्चिङ | थान | १ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | छाप | थान | १ | |
| ९ | स्केल | थान | १ | |
| १० | विद्यालयको जग्गा पुर्जा | थान | १ | |
| ११ | ताल्चा चावी | थान | ५ | |
| १२ | फोटो कपि पेपर | थान | १.५ | |
| १३ | राष्ट्रिय झण्डा | थान | १ | |
| १४ | हुसिल | थान | १ | |
| १५ | सिकाइ अभिलेख खाता | थान | १ | |
| १६ | क्यालेण्डर | थान | २ | |
| १७ | वोर्ड मसि | बट्टा | १ | |
| १८ | विभिन्न पुस्तकहरु (पुस्तकालय) | थान | ८८ | |
| १९ | विभिन्न प्रशंसा पत्रहरु | थान | ३ | |
| २० | रा.वा. बैङ्क चेक | थान | १ | |
| २१ | एभरेष्ट बैङ्क चेक | थान | १ | |
| २२ | ऐना | थान | १ | |
| २३ | खंलुवा आ.वि फायल | थान | १ | |
| २४ | मिटर टेप | थान | १ | |
| २५ | थर्मोमिटर | थान | १ | |
| २६ | सहयोगी दाता फोटो | थान | १ | |
| २७ | हेनरी ड्युना फोटो | थान | १ | |
| २८ | मादल | थान | १ | |
| २९ | सानो बल | थान | २ | |
| ३० | शिक्षा नियमावली | थान | १ | |
| ३१ | पोष्टर चार्ट | थान | ३ | |
| ३२ | फिल्टर | थान | १ | |
| ३३ | फोटो कपि प्रिण्टर | थान | २ | |
| ३४ | घण्टी | थान | १ | |

**ङ.बैङ्क मौजदात**

| | | |
|---|---|---|
| रा.वा. बैङ्क खाँदबारी | रु.३३४४।९४ | |
| एभरेष्ट बैङ्क सिलीचोङ | रु.२२३४०।४९ | |

**च.अक्षयकोष**

राम शंकर अक्षयकोष रु.५०५००।-

*स्रोत: श्री कालिका आ.वि याचम्खाको आमभेला निणयमा उल्लेख गरिएको ।*

सिलिचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखा ताम्कु, संखुवासभा १ नं. प्रदेश नेपाल २०७३

**७. विद्यालयमा विद्यार्थी न्यून हुँदै शून्य हुने कारणहरु:**

विद्यालय सेवा क्षेत्रमा २०७९ सालमा गरिएको सवेक्षण अनुसार २३ जना विद्यालय जाने उमेर समुहका वालवालिकारु भएपनि विद्यालयको अभिलेखहरु तथा त्यहाँका वस्तुस्थितिलाई हेरी विद्यार्थी शुन्य हुने कारणहरु देहाय बमोजिम उल्लेख गर्न सकिन्छ:

क. भौगोलिक विकटता

ख. बसाइँसराइ

ग.बैदेशिक रोजगारी सँगै देखासिकी छोरा छोरीहरुलाई बोडिङ पढाउनु पर्छ भन्ने अभिभावकलाई हुनु

घ.. नगदेबाली खेती बढ्नु तथा आयस्तर वृद्धि हुनु ।

ङ. विद्यालयले अभिभावकहरु सँग राम्रो सम्बन्ध स्थापित गर्न नसक्नु ।

**निष्कर्ष:**

श्री कालिका आधारभूत विद्यालय सिलीचोङ गाउँपालिकाको वडा नं.३ साविक ताम्कु ८ याचम्खा एक समय भौतिक, शैक्षिक व्यवस्थापकीय रुपले सम्पन्न विद्यालय हो । तत्कालीन याचम्खा, साप्तेल, काम्तेप र सिन्तुप बासीहरुलाई शिक्षाको ज्योती छरेकै थियो तर आज विद्यालय बन्दको संघारमा पुगेको छ । मिति २०८१ भदौ १५ गतेको उक्त याचम्खा, साप्तेल, काम्तेप र सिन्तुप बासीहरुको आमभेलाले आफुहरुले मिहिनेत र पसिनाले उभ्याएको विद्यालयमा पटक पटक विद्याथी जुटाउने प्रयास गरिएपनि विद्यालयमा वालवालिका शून्य भएकोले विद्यालय सञ्चालन गर्न नसक्ने र विद्यालयको सम्पूर्ण चल अचल सम्पत्ती सिलीचोङ गाउँपालिकालाई जिम्मा दिने निर्णय गरेकामा स्थानीय सरकार सञ्चाल ऐन,२०७४ को दफा ११ खण्ड ज. को (५) मा गाभिएको वा बन्द गरिएको विद्यालयहरुको सम्पत्ति व्यवस्थापन गर्ने भनेर गाउँपालिका तथा नगरपालिकालाई स्पष्ट अधिकार दिएको साथै सिलीचोङ गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन,२०७६ को दफा (२७) र ( २८) ले समेत स्थानीय तहलाई अधिकार प्रदान गरिएको हुँदा उक्त अधिकार बमोजिम स्थानीय सरकारले जिम्मालिई नियमानुसार उक्त चलअचल सम्पत्तिहरुको संरक्षण, संवर्द्धन र व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।

सिलिचोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा शाखा ताम्कु, संखुवासभा १ नं. प्रदेश नेपाल २०७३

**प्रतिवेदक**
बुद्धिकुमार राई
विद्यालय सुपरिवेक्षक